मानव सेवा नै सर्वोतम धर्म हो ।

ॐ सर्वे भवन्तु सुखिनः। सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु। मा कश्चित् दुःख भाग्भवेत्॥
ॐ शान्तिः शान्तिः शान्तिः॥

# मानव सेवा केन्द्र, रौतहट

# Human Service Centre Rautahat (HuSeC-Rautahat)

**जि प्र का रौतहट दर्ता न.२२५८**
**स्थायी लेखा न. ६०७९६५६१०**
**समाज कल्याण परिषद् आवद्धता न.४८१३४**
**रा बा बैंक गौर खाता नं १२१००१०७१७०१ चल्ती**

---

E-mail:manavsewakendragaur@gmail.com;
info@manavsewakendra.org.np
https://manavsewakendra.org.np
https://www.facebook.com/manavsewa.kendragaur;
https://husecrautahat.blogspot.com

## परिचय

विश्वमा विज्ञान प्रविधिको द्रूतगतिको विकासले ल्याएको परिवर्तनसंगै विभिन्न नकरात्मक सवालहरु पनि सँगसँगै ल्याएको छ । समाजमा विभिन्न मानवीय, सामाजिक, साँस्कृतिक, धार्मिक, परमपरागत समस्याहरु उत्पन्न हुन थालेका छन् । यस परिवर्तीत सन्दर्भमा मानवीय, सामाजिक तथा साँस्कृतिक मूल्यमान्यता, परोपकारीता, रितिरिवाज तथा सम्बन्ध पनि त्यतिकै प्रभावित हुन थालेको छ । समाजमा आर्थिक, सामाजिक, साँस्कृतिक, भौगोलिक विविधतासँगसंँगै विभिन्न किसिमका जातीय, लैगिंक, क्षेत्रिय, वर्गीय, वर्णीय, भाषीक, धार्मिक, राजनैतिक भिन्नताले विभेद, अन्धविश्वास, असमानता, अपारदर्शीता, कुरीतिहरु, असमानता, अन्याय, बैमनुष्यता, आदि कारणले मानव अधिकार तथा मानव सेवा जस्ता कुराहरु ओझेलमा परेको अवस्था छ ।

परिवर्तित समयमा वृद्ध, ज्येष्ठ नागरीक, असक्त पिडितमानिसहरुले समाजमा पाउने जति आदर सम्मान पाउन नसकेको, महिलाहरुको मानवीय तथा सामाजिक समस्या दिनानुदिन बढदै गएको, विभिन्न किसिमका बालबालिकाहरुको अनेकौं समस्याहरु देखा पर्न थालेकोले असल नागरीकहरुको संख्यामा कमी भई सुन्दर समाज निर्माणमा असर परेको छ । राष्ट्र निर्माण कार्यको सम्पूर्ण अभिभारा केवल सरकारले भ्याउन नसक्ने कुरालाई समेत मनन गर्दे, समाजलाई पुनःनिर्माण तथा पुनःजागृत गरी एउटा नौलो स्वाभिमानी र स्वावलम्बी नेपालको स्थापना गर्नु आजको आवश्यकता भएको छ ।

यिनै कुराहरुलाई हृदयङ्गम गरी रौतहट जिल्लाका मानव सेवामा समर्पित हनु चाहने सामाजिक कार्यकर्ता, बुद्धिजिवि, न्यायप्र्ेमी, विकास प्रेमी, पेशाकर्मी, नागरीक समाज, युवा, महिला पुरुषहरुको सहमति र सक्रियताले नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ बमोजिम समाजमा रहेका विसंगति, कुरीति, बेरोजगारी, अन्धविश्वास, गरीवी हटाउन, तथा मानवीय, लैंगिक, सामाजीक, आर्थिक, धार्मिक, सांस्कृतिक, वातावरणीय, भौतिक पूर्वाधार विकासका साथै समाजमा मानव अधिकार, सामाजीक सद्भाव तथा सु-शासन कायम गर्न संघ-संस्थाहरुसँग समन्वय गरी समाजलाई फाईदा पुग्ने किसिमले विकासको प्रतिफल संतुलित तथा समान वितरणमा सामाजिक समानता र अग्रगतिशिलता ल्याउने विभिन्न कार्यहरु गर्ने अभिप्रायले "मानव सेवा केन्द्र, रौतहट" Human Service Centre Rautahat (HuSeC-Rautahat) नामक कल्याणकारी सामांजिक संस्थाको स्थापना २०७५ मा भएको छ ।

## दुरदृष्टि

सुन्दर सभ्य सुसंस्कृत तथा स्वावलम्बी नागरिक समाजको निर्माण ।

## ध्येय

पिडित असहाय असक्त महिला बाल बालिका तथा ज्येष्ठ नागरीकको सुरक्षा सम्मान तथा पुनस्थापना ।

## लक्ष्य

समाजमा रहेका विसंगति, कुरीति हटाउन, तथा मानवीय, सामाजीक, आर्थिक विकासका साथै समाजमा मानव अधिकार, सामाजीक सद्भाव तथा सु-शासन कायम गर्ने ।

## मूल्यहरु

मानवता, समानता, सेवा/ सहयोग, सम्मान, इमान्दारीता र सहकार्य ।

## उद्देश्यहरु

क) यो संस्था गैर राजनितिक, गैर धार्मिक, गैर सरकारी, मुनाफा रहित जनहितकारी संस्था हुने ।

ख) समाजका बृद्ध, ज्येष्ठ नागरीक तथा असक्त असहायहरुको सार्वजनिक रुपमा आत्म सम्मानको रक्षा गर्न, ज्ञान, शीप, विचार, अनुभव, सृजनसीलता तथा विद्धताको समाजका लागि सदुपयोग गर्न तथा उनीहरुको मनोवल बढाउन दिवा सेवा केन्द्र संचालनको माध्ययमबाट समाजका विकृति, विसंगति, दुराचार घटाई असल समाज निर्माणमा सहयोग गर्ने ।

ग) समाजका बृद्ध, ज्येष्ठ नागरीक, बेपता, अपहेलित, पिडित, तथा असक्त असहायहरुको सुरक्षा, सम्मान, तथा जीवन निर्वाहका लागि आश्रय, स्याहार-सुसार, औषधोपचार, मनोरंजन, व्यायाम, योग, मनोसामाजिक विमर्श, पुनरमिलन तथा पुनस्र्थापना गर्न अध्यात्मिक श्रोत साधन सहितको दीर्घकालीन पुनःस्र्थापना गृह निर्माण तथा संचालन गर्ने ।

घ) समाजमा असल एवं श्रृजनशील कार्य गर्ने व्यक्तित्वलाई सम्मान गर्ने, तथा शिक्षा, स्वास्थ्य, वातावरण, मानवीय, सामाजिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक, भौतिक, आर्थिक, आदि क्षेत्रहरुको अध्ययन, अनुसंधान, विकास, विस्तार, अनुगमन, मूल्यांकनका लागि विभिन्न निकाय तहसंग समन्वय सहकार्य गरी योजना, परियोजना तथा कार्यक्रमहरु संचालन गर्ने ।

ङ) हिंसामा परेका, पिडित, बेपता, हराएका, सुस्त मनस्थितिका महिलाहरुको सुरक्षा, औषधोपचार, मनोरञ्जन, व्यायाम, आश्रय एवं पुनःस्थापना, पुनःमिलन, सम्मान, आदिका लागि अध्यात्मिक श्रोत साधन सहितको दीर्घकालीन पुनस्र्थापना गृह निर्माण तथा संचालनको माध्ययमबाट असल नागरिक समाज निर्माणमा सहयोग पुरयाउने ।

च) महिलाहरुको शीप तथा कला संस्कृति संरक्षण तथा विकासका लागि कला, शीप तथा संस्कृति केन्द्र, चेतना विकासका लागि नारी चेतना केन्द्र, तथा आय आर्जनका लागि व्यवसायिक तथा उद्यम केन्द्रको स्थापना तथा संचालनको माध्ययमबाट महिला मैत्री विकासको सुनिश्चितता गर्ने ।

छ) महिलाहरुको विभिन्न मानवीय, पारिवारिक, सामाजिक, लंैगिक, आर्थिक समस्याहरुको समाधान, लैंगिक समानता, लैंिगक न्याय, अधिकार, नेतृत्व विकास, स-शक्तिकरण, सामाजिक कुरीति हटाउन विभिन्न चेतनामूलक, शीपमूलक, आयमूलक कार्यहरुको योजनातर्जुमा, संचालन, अनुगमन र मूल्यांकन गर्न विभिन्न निकाय तहसंग सम्पर्क, समन्वय तथा सहकार्य गर्ने ।

ज) भोलीको भविष्य बालबालिकाहरुको बचाउ, विकास, संरक्षण र सहभागिताको सुनिश्चितता गर्न समाजमा बालमैत्री वातावरण श्रृजना गर्न आमाको गर्भावस्था देखि किशोरअवस्था पुगुञ्जेल विभिन्न शिक्षा, स्वास्थ्य, नैतिक सामाजिक, संवेगात्मक, अध्यात्मिक, सांस्कृतिक, बौद्धिक विकासका लागि विभिन्न किसिमका कार्यक्रमहरु तर्जुमा, संचालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

झ) अनाथ बेपता, सुस्त मनःस्थिति, बेवारिसे, सडकमा रहेका, बालश्रम, बाल हिंसा, बालशोषण उत्पिडनमा परेका तथा अन्य बालबालिकाहरुको सुरक्षा, औषधोपचार, मनोरंजन, क्रिडा (खेलकुद), बाल उद्यान, मनोसामाजिक विमर्श, सम्मान, पुनःमिलनका लागि विभिन्न सुविधा सहितको दीर्घकालीन पुनःस्थापना केन्द्र स्थापना तथा संचालनको माध्ययमबाट आउँदो समयको चुनौतीका सामना गर्न तथा अवसरको उपभोग गर्न वातावरण सृजना गरी सुन्दर समाज निर्माणमा सहयोग पुर्याउने ।

ञ) समाजका अन्य विकास पक्षहरुः भौतिक निर्माण, वन वातावरण, सरसफाइ, सुशासन, विपद तथा प्राकृतिक प्रकोप, जलवायु परिवर्तनका नकरात्मक प्रभाव, जैविकविविधता, सामाजिक-राजनैतिक-धार्मिक सदभाव, धार्मिक स्थलको जीर्णोधार, युवा, व्यवसायी, कृषक, पेशाकर्मी एवं मानवसँग सम्बन्धित सबैखालका सकारात्मक परिवर्तनका लागि अनुसंधान, विकास, प्रचारप्रसार, संगठन निर्माण, प्रविधि विकास, प्रवद्र्धन, भ्रमण, प्रवचन, सम्मेलन, संस्थागत विकास, आदिका कार्यहरुबाट नेपालको समग्र दिगो विकासमा टेवा पुर्याउने ।

## कार्यनीतीहरू

(क) संस्थाले प्रचलित नेपाल कानून वमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ,

(ख) संस्था तथा कल्याणकारी कार्यको लागि आवश्यक पर्ने कार्यालय भवन, दीर्घकालीन पुनःस्थापना (बाल, बृद्ध, महिला) गृह, आश्रम, अनाथालय, सामुदायिक पार्क, बाल उद्यान, बहुउद्देयीय भवन, विवाह स्थल, तथा सामाजिक पूर्वाधार, योग केन्द्र, व्यायाम गृह, विश्रमालय, पुस्तकालय, चेतना केन्द्र, विभिन्न (स्वास्थ्य, श्रोत, सूचना) सेवा, केन्द्र, तालीमकेन्द्र, शीपकेन्द्र, व्यावसायिक अध्ययनकेन्द्र निर्माण गर्न वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलीफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा एम्बुलेन्स एवं अन्य सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ,

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी तथा स्वयम सेवक नियुक्ति गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने।

(घ) संस्थामा कल्याणकारी कार्य गर्न विभिन्न तहबाट कोषको व्यवस्था गरी प्राप्त रकम बैंकमा जम्मा गरी संंयुक्त बैंक खाता सञ्चालन गर्नेछ, ।

(ङ) शिक्षा, स्वास्थ्य, पूर्वाधार, जीविकोपार्जन, जलवायु, जैविक विविधता, वातावरण, सौन्दयीकरणा, सरसफाईको गुणस्तर बढाउन बृद्ध, महिला, बालबालिका, युवाहरुको लागि विभिन्न सांस्कृतिक, प्रतियोगिता, खेलकुद, अन्तरक्रिया, सम्मान, सभा समारोह, प्रवचन, सप्ताह, वृक्षारोपण, आदि कार्यक्रम संचालन गर्ने तथा अध्ययन, अनुसंधान, अनुगमन मूल्यांकन, जस्ता कार्यहरु गर्ने ।

च) विभिन्न जनचेतना, आयमूलक, शीपमुलक, पूर्वाधार विकास, सु-शासन, आदिका लागि कार्यक्रमहरु संचालन गर्न स्थानीय तह तथा संघ-संस्थासंग समन्वय र सहकार्य गरी संचालन गर्ने र दिगो विकासका लागि प्रयास गर्ने ।


## मुख्य विभाग तथा क्षेत्रहरु

| | |
|---|---|
| | शिक्षा, सस्कृति तथा खेलकुद |
| *बालबालिका र युवा | स्वास्थ्य, खाद्य र पोषण तथा योग |
| | प्राकृतिकश्रोत, वातावरण र जलवायु परिवर्तन |
| *महिला | |
| *ज्येष्ठ नागरीक | जीविकोपार्जन र सामाजीक आर्थिक सुधार |
| | सामुदायिक र सार्वजनिक पूर्वाधार |
| | लैगिक तथा सामाजीक समावेशी |
| | सचार,सुशासन तथा सस्थागत विकास । |

## केन्दंका पदाधिकारीहरु

१ अध्यक्ष किरण कुमारी ठाकुर
२ उपाध्यक्ष शिव पुरी
३ सचिव विजय किशोर झा
४ सहसचिव सन्जु बैठा
५ कोषाध्यक्ष गगाधर प्रसाद
६ सहकोषाध्यक्ष पवन अग्रवाल
७ सदस्य उदय शकर झा
८ सदस्य मोहन प्रसाद कानु
९ सदस्य रामाशकर प्रसादकेशरी
१० सदस्य जगदीश राय यादव
११ सदस्य सोजाय मो अन्सारी
१२ सदस्य अशु सिह
१३ सदस्य पुजा चौधरी
१४ सदस्य रामपुकार राउत
१५ सदस्य सुनिल प्र जैसवाल
१६ सदस्य हरि प्रसाद साह

## सस्थागत सरचना




## प्रगतिहरु

१। मानव सेवा केन्द्र सम्बन्धी अभिमूखीकरण कार्यक्रम सचालन
२। भवन निर्माणको लागी जग्गाको व्यवस्था
३। प्रदेश २ को भौतिक पूर्वाधार मन्त्रालयबाट २ तले भवन निर्माण
४। भारतीय राजदूतावासबाट एम्बुलैन्स सहयोग तथा सेवा सुचारु
५। बाढी पिडितलाइ पाल वितरण
६। गौर नपाबाट कार्यालय व्यवस्थापन र बाउन्डरी बाल सहयोग
७। रा येजना आयोग बाट बाल उद्यान निर्माण सहयोग
८। आश्रय सेवा केन्दंको सामगीं व्यवस्थापन
९। व्यायाम सामगीं जडान
१०। नपाहरुमा सहयोगके लागि अनुरोध जारी ।